**Series ωZWYX** | **Set-4**

**प्रश्न-पत्र कोड**
**Q.P. Code 17**

रोल नं.
Roll No.

परीक्षार्थी प्रश्न-पत्र कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Q.P. Code on the title page of the answer-book.

# नेपाली
# NEPALI

*निर्धारित समय : **3** घण्टे* | *अधिकतम अंक : **80***

*Time allowed : **3** hours* | *Maximum Marks : **80***

- कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **20** पृष्ठहरू छन् ।
- त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ ।
- कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **18** वटा प्रश्नहरू छन् कि छैनन् ।
- **कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् ।**
- यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन् ।

- Please check that this question paper contains **20** printed pages.
- Q.P. Code given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate.
- Please check that this question paper contains **18** questions.
- **Please write down the serial number of the question in the answer-book before attempting it.**
- 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period.

*सामान्य निर्देश :*

*(i) निम्नलिखित निर्देशलाई ध्यानपूर्वक पढ़ेर पालन गर्नुहोस् ।*

*(ii) यो प्रश्नपत्र दुई भागमा बाँड़िएको छ, भाग 1 र भाग 2 ।*

*(iii) भाग एकमा वस्तुपरक प्रश्नहरू सोधिएका छन् ।*

*(iv) भाग दुईमा वर्णनात्मक प्रश्नहरू सोधिएका छन् ।*

## भाग एक

**1.** निम्नलिखित दुईवटा गद्यांशबाट कुनै ***एक***मा दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् । *5×1=5*

(A) नेपाली चित्रकला जगतका एक शीर्षस्थ सर्जक र नेपाली कलाका विविध पक्षका अध्येता लैनसिंह बाङ्देलको जन्म इस्वी सन् 1924 मा दार्जीलिङमा भएको हो । बाङ्देल अन्तर्राष्ट्रिय ख्यातिप्राप्त चित्रकार कहलाइन्छन् । लेखन क्षेत्रमा उपन्यासकारका रूपमा परिचित बाङ्देल नेपाली उपन्यास लेखनमा अतियथार्थवादी प्रवृत्ति आरम्भ गर्ने औपन्यासिक प्रतिभा हुन् । बाङ्देलले नेपाली चित्रकला, मूर्तिकला र सँस्कृतिका विषयमा गहन अनुसन्धान र अन्वेषण तथा लेखनकार्य गरेर विश्वलाई परिचय गराएका छन् । उनको *स्टोलेन इमेजेज अफ् नेपाल* नामक पुस्तक प्रकाशनपछि नेपालबाट चोरिएर विदेश पुर्याइएका थुप्रै प्राचीन कलाकृतिहरू फिर्ता भए । यो उनको नेपाली मूर्तिकलाको संरक्षणमा महत्त्वपूर्ण योगदान मानिएको छ । उनले आफ्नो जीवनकालमा चित्रकला र कलाको अध्ययनका लागि विदेशमा यायवरीय जीवन बिताएका थिए । बाङ्देलका यात्रासंस्मरणहरू पनि उपलब्धिपूर्ण मानिन्छन् ।

उनले उपन्यासमा नेपालीहरूका दयनीय स्थितिको चित्रण दार्जीलिङमा बसेर गरेका छन् । उनका उपन्यासमा दृश्यहरूको वर्णन गर्दा चित्रकारको आँखाले हेरेको पाइन्छ ।

मुलुकबाहिर (2004), माइतघर (2005), युरोपको चिट्ठी (यात्रा-संस्मरण), विश्वका छ महान् कलाकार (जीवनी), प्राचीन नेपाली मूर्तिकलाको इतिहास (कला) आदि प्रकाशित छन् ।

उनको निधन वि.सं. 2059 असोज 29 गते भयो ।

(i) लैनसिंह बाङ्देलको जन्म कहिले भएको थियो ?

(a) सन् 1924

(b) वि.सं. 1925

(c) इ.पू. 1924

(d) शाके 1924

(ii) बाङ्देल साहित्यबाहेक कुन क्षेत्रमा अब्बल मानिन्छन् ?

(a) मूर्तिकला र विज्ञान ।

(b) सङ्गीत र मूर्तिकला ।

(c) मूर्तिकला र चित्रकला ।

(d) चित्रकला र सङ्गीत ।

(iii) नेपाली मूर्तिकला संरक्षणमा महत्त्वपूर्ण योगदान दिने कृतिको नाम के हो ?

(a) नेपाली मूर्तिकला ।

(b) स्टोलन इमेजेज अफ् नेपाल ।

(c) मूर्तिकलाको संरक्षण ।

(d) मूर्तिकला ।

(iv) बाङ्देलका कृतिहरूः ___________ हुन् ।

(a) मुलुकबाहिर, माइतघर, युद्ध र योद्धा

(b) विश्वका छ महान् कलाकार, अभिज्ञान शाकुन्तल, माइतघर

(c) माइतघर, कालो चश्मा, मुलुकबाहिर

(d) माइतघर, विश्वका छ महान् कलाकार, मुलुकबाहिर

(v) लैनसिंह बाङ्देलको मृत्यु कहिले भएको थियो ?

(a) सन् 2059 असोज 29 गते

(b) वि.सं. 2059 असोज 29 गते

(c) इ.पू. 2059 असोज 29 गते

(d) भा.रू. 2059 असोज 29 गते

**अथवा**

(B) धेरै प्राचीन कालमा रूस, इरान र तुर्कीमा पर्ने ककेशिया भन्ने इलाकामा एउटा जाति बसोबास गर्थ्यो । त्यस जातिले बोल्ने एउटा भाषा थियो जसको नाउँ आधुनिक भाषावैज्ञानिकहरूले आर्यभाषा वा भारोपेली भाषा राखेका छन् । यो प्राचीन भाषा बोल्ने समुदायका सन्तान कोही युरोपतिर लागे र कोहीचाहिँ इरान हुँदै भारततिर पसे । तर हजारौँ वर्षसम्म छुट्टिएर बेग्लै प्रकारका भौगोलिक वातावरणहरूमा विकसित हुनुपर्दा यस प्राचीन भाषाले बेग्लाबेग्लै ठाउँमा बेग्लाबेग्लै रूप लियो । उतिबेला आजजस्तो

यातायातको वा सम्पर्कको कुनै सरल साधन थिएन । यसरी एउटै जातिका सन्तान भए पनि सम्पर्कका अभावमा र आफू बसेका ठाउँका अरू जातिका प्रभावमा ती आर्यभाषीहरू विकसित हुन गए र तिनका आफ्ना भाषा पनि प्राचीन रूपबाट फेरिँदै गए । पश्चिम जाने भारोपेलीभाषी जनता रसियाली, ग्रिसेली, ल्याटिन र जर्मनेली जस्ता भाषा र तिनका भाषिकाहरू बोल्नलागे र पूर्व जाने तिनै जनता प्राचीन पर्सियाली र सँस्कृतजस्ता भाषा र तिनका विभिन्न भाषिकाहरू बोल्नथाले । भारोपेली भाषाका यी छोरीहरू थिए र यिनबाट पनि सन्तान जन्मँदै गए, बढ्दै गए । पश्चिममा जसरी ल्याटिनबाट फ्रान्सेली, इटालेली, स्पेनियाँ इत्यादि अथवा जर्मनेलीबाट आधुनिक जर्मनेली, अङ्ग्रेजी इत्यादि जन्मे उसरी नै पूर्वमा पनि सँस्कृतका विभिन्न भाषिकाहरूबाट विभिन्न प्राकृत भाषाहरू र तिनबाट पनि नेपाली, हिन्दी, बङ्गाली, मैथिली, राजस्थानी इत्यादि जन्मे ।

(i) रूस, इरान र तुर्कीमा पर्ने ककेसियाको भाषाको नाम भाषावैज्ञानिकहरूले के राखेका छन् ?

- (a) इरानी भाषा ।
- (b) तुर्की भाषा ।
- (c) भारोपेली भाषा ।
- (d) रूसी भाषा ।

(ii) पश्चिम जाने भारोपेलीभाषी जनताले कुन भाषा बोल्न थाले ?

- (a) रसियाली, जर्मनेली ।
- (b) रसियाली, नेपाली ।
- (c) जर्मनेली, सँस्कृत ।
- (d) नेपाली, सँस्कृत ।

(iii) नेपाली, हिन्दी, बङ्गाली, मैथिली भाषाको जन्म कहाँबाट भएको मानिन्छ ?

- (a) अङ्ग्रेजी ।
- (b) हिन्दी ।
- (c) नेपाली ।
- (d) सँस्कृत ।

(iv) रूस, इरान र तुर्कीमा पर्ने इलाकाको नाम के हो ?

(a) इरान ।

(b) ककेसिया ।

(c) तुर्की ।

(d) रूस ।

(v) आर्यभाषा वा भारोपेली भाषा भनेर कसले नाम राखेका हुन् ?

(a) आर्यभाषीले ।

(b) भारोपेलीले ।

(c) भाषावैज्ञानिकले ।

(d) राजाले ।

**2.** निम्नलिखित दुईवटा काव्यांशबाट कुनै ***एक***मा दिइएका प्रश्नहरूका उत्तर लेख्नुहोस् । *5×1=5*

(A) गरीब भन्छौ ? सुखको म झैं धनी
मिल्दैन संसारभरी कतै पनी,
विलासको लालस-दास छैन म
मिठो छ मेरो रसिलो परिश्रम ।

प्रयासका पत्थरमा नदीसरी
बहन्छू हाँसी म तरङ्गले भरी,
म पोखरी झैं उहि ठाउँ जम्दिनँ
छ शुद्ध यो जीवनको सबै कण ।

निधार मेरो पसिना-जड़ाउ छ
मोती तिनैको अनमोल भाउ छ,

छ शान्तिको सुन्दर दीप वासमा
पीयूषको स्वाद छ गाँस-गाँसमा ।

छ भोक मीठो रसिलो छ प्यास,
छ अन्तमा व्यञ्जनको सुवास
छ थोर आवश्यकता, पुगेपछी
म बस्छु संसार नयाँ-नयाँ रची ।

(i) कविले के मीठो र रसिलो छ भनेका छन् ?

(a) परिश्रम ।

(b) मह ।

(c) गरीब ।

(d) विलास ।

(ii) पोखरी झैं उहि ठाउँ नजम्रे भनेर केलाई भनिएको छ ?

(a) पोखरी ।

(b) पानी ।

(c) गरीब ।

(d) तरङ्ग ।

(iii) "निधार मेरो पसिना जड़ाउ छ,
मोती तिनैको अनमोल भाउ छ ।"
उक्त पद्यांशमा कविले पसिनालाई केसँग तुलना गरेका छन् ?

(a) निधार ।

(b) अनमोल ।

(c) भाउ ।

(d) मोती ।

(iv) गरीबले नयाँ-नयाँ संसार रच्ने काम कतिबेला गर्छन् भनिएको छ ?

(a) भोक लागेपछि ।

(b) थोरै आवश्यकता पुगेपछि ।

(c) व्यञ्जन आएपछि ।

(d) धनी भएपछि ।

(v) उक्त पङ्क्तिको शीर्षक के हुनसक्छ ?

(a) गरीब ।

(b) धनी ।

(c) पसिना ।

(d) परिश्रम ।

**अथवा**

(B) तिम्रो लोग्ने मलाया गयो या कतै गयो
पक्का पनि सिपाहीमा भर्ना भयो
कति लड़ाइँ लड्दै
छोरा-छोरी हँसाउन साहूको ऋण तिर्न
पैसा कमाउन गयो
तर लड़ाइँमा बन्दुक अनि
तोपका मोहोरी नभए
भयङ्कर बम विस्फोटमा पर्‍यो
तिम्रो लोग्ने अब छैन, मर्‍यो ।
होला मजदुरी गर्न गयो
नत्र कहाँ जान्छ,
फर्किनुपर्ने, कि कुनै मेशिनभित्र चेप्टियो
नभए कोइलाखानीमा पुरियो

भारीले किच्यो या भोकै मर्यो
जसरी भए पनि
तिम्रो लोग्ने मर्यो-मर्यो ।
जातीयता मर्यो, स्वाभिमानसमेत मर्यो
मालिकको गाड़ीको चक्काले थिचेर
उसलाई पैह्रोले किच्न सक्छ,
खोलाले बगाउन सक्छ
अन्धो, लङ्गड़ो र डुँड़े हुँदा
उ मारिनुपर्छ, काम प्यारो सबैलाई
नत्र दाम आउँदैन
भाग्यले ठगेपछि बाँच्ने अधिकार हुँदैन
जसरी भए पनि ज्यूँदो छैन
उसलाई कालले हर्यो
तिम्रो लोग्ने अब छैन, मर्यो ।

(i) उसको लोग्ने कहाँ भर्ना भएको पक्कापक्की गरिएको छ ?

   (a) नोकरीमा ।
   (b) जङ्गलमा ।
   (c) सिपाहीमा ।
   (d) मलायामा ।

(ii) 'भयङ्कर बम विस्फोट' पद केसँग सम्बन्धित छ ?

   (a) लोग्ने मरेको ।
   (b) पैसा कमाएको ।
   (c) चट्टानहरू चर्किएको ।
   (d) सन्नाटा छाएको ।

(iii) उसको लोग्ने कहाँ चेप्टिएको कुरा गरिएको छ ?

(a) मुड़ामा ।

(b) मेशिनमा ।

(c) ढुङ्गामा ।

(d) खाल्डामा ।

(iv) यहाँ कसको लोग्ने मरेको कुरा गरिएको छ ?

(a) स्वास्नीको ।

(b) प्रेमिकाको ।

(c) कविको ।

(d) कसैको ।

(v) उक्त पङ्क्तिमा लोग्ने मरिनुपर्ने बाध्यता किन रहेको देखाइएको छ ?

(a) अस्तित्वको निम्ति ।

(b) जातीयताको निम्ति ।

(c) स्वाभिमानको निम्ति ।

(d) दामको निम्ति ।

**3.** तल दिइएका प्रश्नहरूमध्ये कुनै ***सोह्र*** (***16***) वटाको सही उत्तर लेख्नुहोस् । *16×1=16*

(i) एउटै उच्चारण भए पनि भिन्ना-भिन्नै अर्थ लोग्ने शब्दलाई _______________ भनिन्छ ।

(a) सम्मोच्चारित शब्द

(b) प्रतिशब्द

(c) वाक्यसङ्क्षेप

(d) विलोम शब्द

(ii) सारशब्द भनेको _______________ हो ।

(a) विपरीतार्थक शब्द

(b) प्रतिशब्द

(c) समोच्चारित शब्द

(d) वाक्यसङ्क्षेप

(iii) “राम, हरि र सीता पढ्दैछन् ।” यहाँ ‘पढ्दैछन्’ शब्द के हो ?

(a) कर्ता ।

(b) क्रिया ।

(c) नाम ।

(d) अव्यय ।

(iv) कुन सही छैन ?

(a) विपरीतार्थक शब्द = उल्टा अर्थ लाग्ने ।

(b) प्रतिशब्द = एउटै अर्थ लाग्ने अन्य शब्द ।

(c) अनेकार्थक शब्द = विलोम शब्द ।

(d) समोच्चारित शब्द = धेरैमा नभनेर एउटै शब्दमा भनिनु ।

(v) तल दिइएका विपरीत शब्दमध्ये कुन सही छ ?

(a) राजा – राज्य ।

(b) राजा – प्रजा ।

(c) सानो – अग्लो ।

(d) मान्छे – कालो ।

(vi) तलका वाक्यमध्ये कुनमा गुरू-चण्डाली दोष रहेको छ ?

(a) पुत्रको पत्र पितालाई ।

(b) पुत्रको चिट्ठी बाबुलाई ।

(c) बाबुको चिट्ठी छोरालाई ।

(d) छोराको चिट्ठी बाबुलाई ।

(vii) घर, आलय, भवन केका पर्यायवाची हुन् ?

(a) भजन ।

(b) बजार ।

(c) शहर ।

(d) गृह ।

(viii) कृष्णपक्षको विपरीत के हुन्छ ?

(a) शुक्लपक्ष ।

(b) रामपक्ष ।

(c) राधापक्ष ।

(d) कंशपक्ष ।

(ix) पुलिङ्ग शब्दको अन्तिममा के लाग्छ ?

(a) ह्रस्व ।

(b) दीर्घ ।

(c) हलन्त ।

(d) अनुनासिक ।

(x) उज्यालोसँग सम्बन्धित शुद्ध शब्द कुन हो ?

(a) उज्वल ।

(b) उज्जल ।

(c) उजल ।

(d) उज्ज्वल ।

(xi) 'राम र श्याम विद्यालयतिर गए ।' – यो कुन काल हो ?

(a) वर्तमान काल ।

(b) भूतकाल ।

(c) भविष्यत् काल ।

(d) सामान्य काल ।

(xii) विनाशको विपरीत ___________ हो ।

(a) अविनाश

(b) नाश

(c) आविनाश

(d) नविनाश

(xiii) एउटा हात नभएको: ___________ ।

(a) लङ्गड़ो

(b) डुँड़ो

(c) एकहाते

(d) हात नभएको

(xiv) निम्नलिखितमध्ये कुन शब्दको पर्यायवाची रूप सही छैन ?

(a) ईश्वर : ईश, प्रभु, विधाता ।

(b) एकान्त : निर्जन, शून्य, सुनसान ।

(c) डाहा : आहिस, लोभ, असन्तोष ।

(d) उत्तर : दिशा, जवाफ, पश्चिम ।

(xv) तल लेखिएका शब्दहरूमध्ये कुन सही छ ?

(a) देउता ।

(b) द्योता ।

(c) देवता ।

(d) दौता ।

(xvi) धेरै शब्दको सट्टा एउटै शब्द प्रयोग गरेर बुझाउने शब्दलाई ___________ भनिन्छ ।

(a) सारशब्द

(b) विपरीतार्थक शब्द

(c) प्रतिशब्द

(d) पर्यायवाची शब्द

(xvii) निम्नलिखितमध्ये कुन वाक्य सही छ ?

(a) सम्झनाले कल्पनालाई एउटा फूल दिइन् ।

(b) सम्झनाले कल्पनालाई एउटा फूल दियो ।

(c) सम्झनाले कल्पनालाई एउटा फूल दिए ।

(d) सम्झनाले कल्पनालाई एउटा फूल दिन्थ्यो ।

(xviii) अणु-अनु, अन्त-अन्त्य, आकार-आकर कस्ता शब्द हुन् ?

(a) सारशब्द ।

(b) विपरीतार्थक शब्द ।

(c) भिन्नार्थक शब्द ।

(d) पर्यायवाची शब्द ।

**4.** तल दिइएका गद्यांश ध्यानपूर्वक पढ़ेर कुनै ***पाँच*** प्रश्नका उत्तर दिनुहोस् । *5×1=5*

चामे फत्फताउन थाल्यो – "राँड़ीको ढङ्ग हेर, माल पाएर के गर्नु चाल पाए पो हुन्छ, आफ्ना बाबु बराज्यूले बिर्खे टोपी लगाएको भए पो थाहा पाउँथी, बाबु खाँड़ीको टोपी लाएर भाङ्ग्राको गादो पारेर हिँड़्छ, छोरी किन गतिली हुन्थी, बाहुनले च्याउ खायो न स्वाद पायो ।" एकछिन फत्फताएर तानतुन पारेर टोपी लायो । अस्कोट अर्को थिएन उही पुरानु लगायो । ओढ़्नेको कुटुरो पिठ्यूँमा छड़के पारेर बाँधेर हातमा एउटा झुत्रो लिएर हिँड़्यो ।

चामे ससुरालीका घरमन्तिर चौतारामा बसेर पसीना पुछन लागेको थियो, गाउँदेखि माथि वनको छेउमा घाँसको भारी बिसाएर गौँथली गीत गाउन थाली "उड़ी जाउँ भने म पंछी होइन बस्न त मन छैन ।"

चामे मुर्मुरियो – "घाँस खान नपाएर भैँसीको पेट गाइनेको सारङ्गी जस्तो भइरहेछ, राँड़ यहाँ बसेर वन रन्काउँछे ।"

एकछिन चौतारामा थकाइ मारेर चामे बिस्तारै उकालो लाग्यो । चिलाउनेका रूखनेर पुगेपछि चामेका गोड़ा अलि गह्रौँ भए । बिस्तार-बिस्तार तगारानेर पुग्यो । सासू जुठ्यानमा बसेर ताप्के मस्काउन लागेकी रहिछ । ससुरो पिँढ़ीमा बसेर तमाखु खान लागेको थियो । सासूलाई देखेर चामेले हात जोरेर ढोगिदियो । सासूले पनि जुठै हातले ढोग फर्काई । चामे पिँढीमा बस्यो । ससुरो हुक्कानली चामेको हातमा दिएर ढोगी दिन निहुरेको थियो चामेले गोड़ा जोरिदियो ।

एकछिनपछि घाँसको भारी लिएर गौँथली आइपुगी । पनेलाको चोलो, छीटको फरिया लाएकी । फरियाको गुल्थो खुम्च्याएर पटुका बाँधेकी । हातमा बाला, घाँटीमा प्वाँलो लाएकी । पुष्ट छाती भएकी । निधारमा सिन्दूरको ठूलो टीको लाएकी । कपालमा गुराँसको फूल सिउरेकी । अलि-अलि साँवली वर्णकी । निकै राम्री देखिन्थी । गौँथलीको मनोहर रूप देखेर चामे तृप्त भयो । घरमा साक्षात् गृहलक्ष्मीले प्रवेश गरे जस्तो लाग्यो ।

(i) "बाबु खाँड़ीको टोपी लाएर भाङ्ग्राको गादो पारेर हिँड़्छ ।" यहाँ 'बाबु' भनेर कसलाई भनिएको हो ?

(a) चामेको ससुरा ।

(b) कथाकारको बाबु ।

(c) चामेको बाबु ।

(d) जुठेको बाबु ।

(ii) "उड़ी जाउँ भने म पंछी होइन बस्न त मन छैन" यो कसले गाएको गीत हो ?

(a) गायकले ।

(b) गौँथलीले ।

(c) सासुले ।

(d) चामेले ।

(iii) 'चामे उकालो गएको' भनेर कता गएको कुरा गरिएको हो ?

(a) पँधेरो ।

(b) ससुराली ।

(c) गोरू जोत्न ।

(d) तमाखु तान्न ।

(iv) चामेले किन खुट्टा जोड़ेको हो ?

(a) सासु-ससुराको डरले ।

(b) ससुरालाई ढोग्न सजिलो होस् भनेर ।

(c) गौँथलीलाई ढोग्न सजिलो होस् भनेर ।

(d) सासुलाई ढोग्न सजिलो होस् भनेर ।

(v) "पनेलाको चोलो, छीटको फरिया लाएकी । फरियाको गुल्थो खुम्च्याएर पटुका बाँधेकी । हातमा बाला, घाँटीमा प्वाँलो लाएकी । पुष्ट छाती भएकी । निधारमा सिन्दूरको ठूलो टीको लाएकी ।"

उक्त वाक्य कोसँग सम्बन्धित छ ?

(a) चामेसँग ।

(b) चामेकी आमासँग ।

(c) चामेकी स्वास्नीसँग ।

(d) कोकलेसँग ।

(vi) गोँथली साक्षात् गृहलक्ष्मी जस्तो कतिबेला देखिएकी छ ?

(a) घाँसको भारी लिएर आएको बेला ।

(b) चामेसँग गफ गर्दै गरेको बेला ।

(c) चामेसँग घर जानको निम्ति तयार भएको बेला ।

(d) माइत जानको निम्ति तयार भएको बेला ।

**5.** तल दिइएका गद्यांश ध्यानपूर्वक पढ़ेर कुनै ***पाँच*** प्रश्नका उत्तर दिनुहोस् । *5×1=5*

गनी गनी टाड़ाका तारा
कुकुर जस्तै हीन भएर
बिताइरहेछन् जीवन सारा
आकाशका तारा के तारा ।
न उनमा छ आफ्नोपन क्यै ।
एक सूर्यको ज्योतिमा नै
ती ताराको अस्तित्व हराउँछ;
तर यी तारा
हर्के, वीरे, चामे सारा
कसले चिन्ने यिनीहरूलाई ?
चिन्न सके त
एक हर्केमा, एक वीरेमा
एकेक सूर्यको शक्ति निहित
एक चामेको, एक रामेको
विवेक-ज्योतिले विश्व सिँगार्छ!
अन्धो पृथ्वी – अन्धा हामी !
हाम्रा लागि घरको दूध पानीसरि छ,
नौ-लाख तारा टाढ़ा हुनाले तारा छन्
रामे, चामे, हर्के, वीरे झटारा छन्!
भयो प्रिये !
आकाशका ती तारा ल्याई
लुर्कना किन लाउने !
पृथ्वीका तारा स्याह्यार्न किन नथाल्ने ?
प्रिये! अझै अलिक दिन बुच्चै बसिद्यौ
बुच्चा कानमा लुर्कना होइन
पृथ्वीका रत्न बटुली
तिम्रो मनको कालो आकाशमा
ज्योति सजाउँला ।

(i) कविले कुकुर जस्तै हीन भए जीवन बिताएको भनेर कसलाई भनेका हुन् ?

(a) कुकुरहरूलाई ।

(b) हर्के, रामे, चामे, वीरे आदिलाई ।

(c) बाटामा बसेर माग्नेहरूलाई ।

(d) आकाशका ताराहरूलाई ।

(ii) 'एकेक सूर्यको शक्ति निहित छ' – भनेर के भन्न खोजिएको छ ?

(a) हामीले नजिकका प्रतिभाहरूलाई चिन्न सक्नुपर्छ ।

(b) हामीले नजिकका प्रतिभाहरूलाई टाढ़ामा राख्नुपर्छ ।

(c) हामीले टाढ़ाका प्रतिभाहरूलाई मात्र सम्मान गर्नुपर्छ ।

(d) सूर्यको अपार शक्ति हुन्छ ।

(iii) 'हामीले स्थानीय प्रतिभाहरूलाई वास्ता गर्दैनौँ ।' — यस वाक्यले तलका कुन भनाइलाई समेट्छ ?

(a) हाम्रा लागि घरको दूध मूल्यवान् छ ।

(b) हाम्रा लागि स्थानीय प्रतिभा नै सम्मानयोग्य हुन् ।

(c) स्थानीय प्रतिभालाई हामी जहिले सम्मान गर्छौं ।

(d) हाम्रा लागि घरको दूध पानीसरि छ ।

(iv) उक्त पङ्क्ति कुन कविताबाट लिइएको हो ?

(a) आकाशका तारा के तारा कथाबाट ।

(b) आकाशका तारा के तारा निबन्धबाट ।

(c) आकाशका तारा के तारा कविताबाट ।

(d) आकाशका तारा के तारा पत्रबाट ।

(v) उक्त पङ्क्तिका रचनाकार को हुन् ?

(a) हरिभक्त अधिकारी ।

(b) हरिभक्त देवकोटा ।

(c) हरिभक्त कटुवाल ।

(d) हरिभक्त कार्की ।

(vi) कविले कसलाई स्याहार्न थाल्नुपर्ने कुरा गरेका छन् ?

(a) आकाशका तारालाई ।

(b) पृथ्वीका तारालाई ।

(c) मनको कालो आकाशलाई ।

(d) बुच्चै बस्नेहरूलाई ।

**6.** तल दिइएका प्रश्नहरूमध्ये कुनै ***चार*** प्रश्नका उत्तर दिनुहोस् । *4×1=4*

(i) 'इस् पढ्छु तेरो कविता' कसको रचना हो ?

(a) लक्ष्मीप्रसाद देवकोटा ।

(b) बालकृष्ण सम ।

(c) राजेन्द्र भण्डारी ।

(d) हरिभक्त कटुवाल ।

(ii) के नभएसम्म हाम्रो देश बन्दैन ?

(a) मिरमिरेमा तारा झरेर नगएसम्म ।

(b) दुई चार सपुत मरेर नगएसम्म ।

(c) हामीले अन्न नफलाएसम्म ।

(d) पर्यावरण नबचाएसम्म ।

(iii) 'इस् पढ्छु तेरो कविता'मा कविले केप्रति व्यङ्ग्य गर्न खोजेका छन् ?

(a) अहिलेको देखावटी समाजप्रति ।

(b) सरकारप्रति ।

(c) आफ्नी श्रीमतीप्रति ।

(d) छोरा-छोरीप्रति ।

(iv) कविले पैसालाई केसँग तुलना गरेका छन् ?

(a) रूपिँया

(b) मान्छे ।

(c) प्रेमिका ।

(d) प्रेम ।

(v) कविको भनाइमा आजको युवा पुस्ताले धर्म, मानवाधिकार, दया, क्षमा, करूणा आदिलाई के भनेर तिरस्कार गर्छन् ?

(a) छिः छिः ।

(b) आक् थू ।

(c) वाक् वाक् ।

(d) छ्याः ।

(vi) हामीले के नगरे हतिहासले धिक्कार्नेछ ?

(a) लड़ाइ नगरे ।

(b) अन्न नफलाए ।

(c) कर्तव्य बिर्से ।

(d) शहीदलाई नरूवाए ।

(vii) घाँटीमा फाँसीको मालालाई वीरले हाँसदा के भाग्दछ ?

(a) स्वतन्त्रता ।

(b) दासता ।

(c) स्वाधीनता ।

(d) सफलता ।

(viii) हामीले आफ्नो कर्तव्य नगरे केले मुख लाजले छोप्छ ?

(a) शहीदले ।

(b) आकाशले ।

(c) सपुतले ।

(d) धरतीले ।

## भाग दुई

*निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस् ।*

**7.** ‘टोटलाको फूल’ कथाको मुख्य पात्रको नाम लेख्दै अन्य तीन पात्रको नाम पनि लेख्नुहोस् । *2*

**अथवा**

श्यामले के गरेको थियो र सोणामणि पुलबाट फाल हान्न बाध्य बनी ? *2*

**8.** लक्ष्मीमा दिनानुदिन शिथिलता देखापर्नुको कारण के थियो ? *2*

**9.** ‘प्रायश्चित’ कथाको कथाकार को हुन् ? मोतीकी साथी र उसकी आमाको नाम लेख्नुहोस् । *3*

**अथवा**

आफ्नी आमाको मृत्यु भएपछि मोतीले घरभित्र पसेर के गरी ? *3*

**10.** सोनामणिलाई के कुरा भूल गरेँ जस्तो लागेको थियो ? *3*

*निम्नलिखित प्रश्नहरूका उत्तर लेख्नुहोस् ।*

**11.** घनश्याम नेपालले प्राप्त गरेका दुईवटा पुरस्कार र दुईवटा कृतिको नाम लेख्नुहोस् । *3*

**12.** घनश्याम नेपालको जन्म कहाँ र कहिले भएको थियो ? *2*

*निम्नलिखित प्रश्नहरूको उत्तर लेख्नुहोस् ।*

**13.** सप्रसङ्ग व्याख्या गर्नुहोस् । *4*

“अहिले कता-कता त्यो वृष्टि र कुइरोभित्र उसलाई बिहान हुँदै आएको आशाको धमिलो प्रकाश देखेजस्तो लाग्यो । शङ्काको निवारणमा घरभित्र डोकोले छोपेको ठूलो भाले पखेटा भ्याट्-भ्याट्-भ्याट् गर्दै बास्यो ।”

**14.** 'डा. नानो' कथाको 'भ्रूण विकास केन्द्र'को बारेमा लेख्नुहोस् ? *4*

**15.** डा. नानोले तयार पारेको क्लोरिनासँग फेरसको सम्बन्ध टिक्न सकेन, किन ? *2*

**अथवा**

कालेको बाउले राति हुरी चलेको बेलामा के-के काम गर्यो ? *2*

**16.** निम्नलिखित कुनै ***एक*** विषयमा 150 शब्दसम्मको रोचक निबन्ध रचना गर्नुहोस् । *5*

(a) विद्यार्थी जीवन

(b) पुस्तकालय

**17.** पठन-पाठनमा रूचि देखाउनुपर्ने र भविष्यमा समाज विकासको निम्ति एक असल समाजसेवक हुनुपर्ने विषयमा सचेत गराउँदै आफ्नो टाड़ामा रहेको भाइलाई ज्ञानवर्धक पत्र लेख्नुहोस् । *5*

**अथवा**

रूगा मार्गी र खोकीको कारण सिकिस्त बिरामी भएको कारण दुईदिनसम्म विद्यालय आउन नसक्ने जानकारी गराउँदै विद्यालयका प्राचार्यलाई दुई दिनको बिरामी विदाको निम्ति निवेदन लेख्नुहोस् । *5*

**18.** नेपालीमा अनुवाद गर्नुहोस् । *5*

(a) Shyam had gone to school.

(b) Please give me your book.

(c) To walk in the morning is healthy.

(d) They were reading.

(e) There were ten men in all.